# नुवाकोट जिल्ला अदालत

बिदुर,
नुवाकोट, नेपाल
फोन नं.०१०-५६०२८५
फ्याक्स नं.०१०-५६१३८५
E-mail:-infodcnuwakot@dcourt.gov.np

## नुवाकोट

(प्रशासन शाखा)

मितिः-२०७७।२।२३

# सुचना। सुचना।। सुचना।।।

यस अघि श्री सर्वोच्च अदालतबाट जारी गरिएका परिपत्रहरु, पूर्ण बैठकबाट भएका निर्णयहरु,मिति२०७७/२/१५ मा बृहत पूर्ण ईजलाशबाट भएको आदेश समेतका आधारमा यस अघि बन्दा बन्दीको अबधीमा अदालतबाट प्रवाह हुँदै आएका सेवाहरुलाई जारी नै राखी थप केहि सेवाहरु संचालन गर्ने भनी श्री उच्च अदालत पाटनको मिति २०७७/२/२२,च.नं.८९८ को पत्रबाट समेत निर्णयको कार्यन्वयन गर्ने सम्वन्धी निर्देशन प्राप्त हुन आएको छ ।

तसर्थ यस अदालतबाट बन्दाबन्दीको समयमा प्रदान हुँदै आएका सेवाहरु यथावत रुपमा संचालन गर्दै तपसिलमा उल्लेख भएका थप सेवाहरु समेत मिति २०७७।०२।२५ गते देखि संचालन गर्न लागिएको व्यहोरा सम्बन्धित सवैको जानकारीको लागि सूचना प्रकासित गरिएको छ ।

## तपशिल

१. सर्बोच्च अदालतको पूर्ण बैठकको निर्णयानुसार बन्दाबन्दीको अवधिमा गरिदै आएका कामकारवाही यथावत रुपमा गर्ने।

२. न्याय सम्पादन र सुनुवाईमा अधिक समय नलाग्ने प्रक्रियागत कार्यको रुपमा गरेको मिलापत्र, मुद्दा फिर्ता, पक्षले तारेख छाडेका डिसमिस र तामेली लगायतका कामकारवाही गर्ने।

३. बन्दाबन्दीको समयमा मुद्दा फैसला हुन नसकी अभियोगपत्रमा दावी लिईएको सजाय भन्दा बढी कैद अवधि थुनामा बसेको वा बस्न सक्ने अबस्थाका प्रतिवादीको हकमा प्रमाण बुझी अङ्ग पुगिसकेको मुद्दाहरुको सुनुवाई गर्ने।

४. मुद्दामा प्रमाण बुझि अंङ्ग पुगिसकेका र सुनुवाईका प्रक्रियामा अदालतको आदेशले बाल सुधार गृहमा रहेका बालवालिका मात्र संलग्न रहेका फौजदारी मुद्दा हेर्ने।

५. बिषेश प्रकृतिका निवेदन मध्ये दर्ताद्वारा विवाह सम्बन्धि निवेदनको काम कारवाही सम्म आफ्नो अदालतको कार्य बोझ र सो कार्यका लागि उपस्थित हुन सक्ने सरोकारवालाहरुको संख्या र स्वास्थ्य सुरक्षा समेतलाई ध्यानमा राखि निश्चित समय तोकि कार्य प्रारम्भ गर्ने।

६. कसुर कायम भै सजाय पुर्वको प्रतिवेदन प्राप्त भै सकेको वा सहज रुपमा प्राप्त हुने अबस्थाका सजाय निर्धारण गर्न बाँकी रहेका मुद्दाहरु को सुनुवाई प्रारम्भ गर्ने।

७. अर्ध न्यायिक गरेको आदेश उपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम पर्न आएका निवेदनमा सुनुवाई गर्ने।

८. दशीका रुपमा अभियोपत्र साथ पेश भई आदेश वा फैसलाले सम्बन्धित ब्यक्ति वा जाहेरवालाले फिर्ता पाउने ठहरेका दशीका सामान फिर्ता माग गर्न आएका फिर्ता दिने सम्बन्धि कारवाही गर्ने।

(ठाकुरचन्द्र त्रिताल)
निमित्त श्रेस्तेदार